प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# जिरी प्राविधिक शिक्षालय, जिरी दोलखाको
## सेवा करारमा लिने सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।१२।०९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेश अन्तर्गत यस जिरी प्राविधिक शिक्षालयमा अर्को निर्णय नभएसम्म हाललाई २०८१ असाढ मसान्तसम्मको लागी प्राविधिक प्रशिक्षण तर्फ व्यक्ती करारमा लिनुपर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र तोकिएको दस्तुर सहित दरखास्त फाराम यस शिक्षालयको Email:jiritechnicalschool@gmail.comमा ईमेल गर्नुहुन वा भौतिक रुपमा उपस्थित भई शिक्षालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धि विस्तृत विवरण ( पद,न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, तलब भक्ता,तथा अन्य सुबिधा, दरखास्त दस्तुर आदी) बागमती प्रदेश कार्यालयको Websitewww.ctevtbagmati.org.np र परिषद् केन्द्रिय कार्यालयको वेवसाइटwww.ctevt.org.np मा हेर्न सकिन्छ ।

| विज्ञापन नं | पद | श्रेणी | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१-२०८०/०८१ | कृषि प्रशिक्षक ( पशुपालन) | अधिकृतस्तर तृतिय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान /पशुपालन ) विषयमा स्नातक तह वा सो सरह उतिर्ण । |

१.उमेरको हद: २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको तर महिला अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । "उमेर भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्छ ।
२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्धारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन ।
३.प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत कृषि प्रशिक्षक (पशु विज्ञान/पशुपालन) पदमा दरखास्त दिने उम्मेदवारले पेशा व्यावसायको काम गर्न नेपाल भेटेरीनरी काउन्सिलमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा सो काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
४. तलबभत्ता र सुबिधा: नेपाल सरकारले तोकेबमोजिम र परिषद्को कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९ (संशोधन सहित) बमोजिम हुनेछ ।
५. सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको र न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो फाराम स्वीकृत भएको पाईएमा जुनसुकै बखत पनि स्वत रद्ध हुनेछ ।
६. पाठ्यक्रम परिषद् कार्यालयको Websitewww.ctevt.org.np लगिन गरी CAREER बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्नुपर्ने छ ।

७. दरखास्त दस्तुर : जिरी प्राविधिक शिक्षालयको रा.वा.बैक चरिकोट शाखाको खाता नं १६१०१०००००५३८००१ मा रु १०००।- ( एक हजार मात्र ) जम्मा गरी सोको भौचर स्क्यान गरी रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

८.परीक्षाको किसिम तथा अङ्क भार: सेवा सम्बन्धी दोस्रो पत्रबाट १ ( एक ) घण्टाको समयमा लिईनेछ । वस्तुगत बहुउत्तर परीक्षा प्रश्न संख्या ५० र प्रति प्रश्न अङ्क २ हुने छ ।कुल पुर्णाङ्क: १००र उत्तिर्णाङ्क ४० हुनेछ ।

९. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा सर्त तथा सुबिधा सम्बन्धी विनियमावली २०६९ ( छैठौं संशोधन सहित ) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. फाराम : फाराम www.jts.edu.np बाट तथा जिरी प्राविधिक शिक्षालयको Facebook Page**जिरी प्राविधिक शिक्षालय** बाट डाउनलोड गर्न सकिने छ वा जिरी प्राविधिक शिक्षालयबाट प्राप्त गर्न सकिने छ ।

११. आवेदन फाराम बुझाउने स्थान: जिरी प्राविधिक शिक्षालय, जिरी ०५, दोलखा ।

१२. परीक्षा सम्बन्धी कार्यक्रम: स्वीकृत उम्मेदवारको नामावली २०८०।१२।२५ गते जिरी प्राविधिक शिक्षालयको सूचनापाटी तथा website : www.jts.edu.np र Facebook page**जिरी प्राविधिक शिक्षालय**मा प्रकाशित गरिने छ र लिखित परीक्षा मिति २०८०।१२।२९ गते बिहान ८:०० बजे र अर्न्तवार्ता सोही दिन शिक्षालयले तोकेको समयमा हुनेछ ।

१३. परीक्षाहुने स्थान: जिरी प्राविधिक शिक्षालय, जिरी ०५, दोलखा ।

१४. थप जानकारीको लागी: जिरी प्राविधिक शिक्षालयको फोन नं ०४९-४०००६३, ०४९-४०००६४, ९८५४०४५०६३

**शिक्षालय प्रमुख**